का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ भदौ २०८०,
बिहीबार
7 September 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक २२४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

एमाले राजनीति

# कार्यकर्तासम्मै पुग्यो अन्तरसंघर्ष

केपी शर्मा ओलीले आफू नेतृत्वको नेकपा एमालेमा कुनै गुटबन्दी नरहेको सार्वजनिक अभिव्यक्ति दिने गरेका छन् । तर लुम्बिनी प्रदेशको अधिवेशनले एमालेभित्र दुईधार संघर्ष कार्यकर्तासम्मै पुगेको प्रष्ट भयो ।



नेकपा एमाले लुम्बिनी प्रदेशको मंगलबार सम्पन्न प्रथम अधिवेशनमा प्रतिनिधिहरु ।

"पार्टीभित्र देखिएको अन्तरसंघर्ष सबै प्रदेशमा छ, लुम्बिनीमा त्यो देखियो । अब अरुतिर पनि हुने त्यही हो", ती नेता भन्छन् ।


**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २० भदौ ।

नेकपा एमाले लुम्बिनी प्रदेश अध्यक्षमा राधाकृष्ण कँडेल निर्वाचित भएका छन् । प्रथम अधिवेशनबाट कँडेल अध्यक्ष निर्वाचित भएका हुन् । उनले अर्का प्रतिस्पर्धी हरिप्रसाद रिजाललाई दुई मतान्तरले पराजित गरे ।

पाल्पाका कँडेलले ४७९ मत पाउँदा प्युठानका रिजालले ४७७ मत पाए । सचिवमा सन्तोष आचार्य निर्विरोध भएपनि बाँकी पदाधिकारीमा प्यानलगत प्रतिस्पर्धा भएको थियो । जसमध्ये एक उपसचिव बाहेकका पदाधिकारीमा कँडेल प्यानल विजयी भयो ।

कँडेललाई एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलको समर्थन थियो । रिजाललाई महासचिव शंकर पोखरेलको समर्थन थियो । प्रदेश अधिवेशन उद्घाटन गर्दै एमालेका अध्यक्ष केपी शर्मा ओलीले सर्वसहमतिबाट नेतृत्व चयन गर्न आग्रह गरेका थिए । एमालेका १९ मध्ये ७ जना लुम्बिनीकै भएकाले पनि अरु प्रदेशलाई सकारात्मक प्रभाव पार्नेगरी सर्वसहमतिले नेतृत्व चयन गर्न अध्यक्ष ओलीले आग्रह गरेका थिए । त्यही सभाबाट उपाध्यक्ष पौडेल र महासचिव पोखरेलले एकअर्कामा कुनै प्रतिस्पर्धा नरहेको प्रष्टोक्ति दिएका थिए । उद्घाटन लगत्तै महासचिव पोखरेल चीन भ्रमणमा निस्किए । बुटवलमा भएको अधिवेशनमा भने सहमति जुट्न सकेन । त्यसको कारण भने एमालेभित्र उपाध्यक्ष पौडेल र महासचिव पोखरेलबीच रहेको प्रतिस्पर्धा हो ।

२०७८ मंसिरमा सम्पन्न दशौं महाधिवेशनदेखि एमालेभित्र पौडेल र पोखरेलको चर्को प्रतिस्पर्धा छ । त्यो महाधिवेशनमा दुबै जना महासचिवका प्रत्यासी थिए । तर अध्यक्ष ओलीले पार्टीभित्र एकमना एकता रहेको दाबीसहित आफैले पदाधिकारीको सूची बनाए ।





पार्टीभित्र १० बुँदे सहमति गरी बसेका मध्ये भीम रावल, घनश्याम भूसाल, भीम आचार्य, टंक कार्की लगायत केहीले ओलीको सूची नस्वीकारेपछि महाधिवेशनमा पनि मतदान भएको थियो ।

तर त्यो मतदान औपचारिकताका निम्ति मात्रै थियो । किनकि ओलीले पार्टीभित्र बनेको नयाँ राजनीतिक समीकरणबीच सहमति जुटाइसकेका थिए । वरिष्ठ उपाध्यक्षमा दाबी गरेका सुवास नेम्वाङ र महासचिवमा दाबी गरेका विष्णु पौडेल दुबैलाई उपाध्यक्षमा मनाउन ओली सफल भएका थिए । वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल र महासचिवमा शंकर पोखरेललाई राखेर ओलीले पदाधिकारी सूची बन्दसत्र हलमा प्रस्तुत गरेका थिए ।

तर दुई वर्ष नपुग्दै एमालेभित्र रहेको अन्तरसंघर्ष फेरि प्रतिनिधिसम्मै पुगेको छ । एमालेका एक नेता, लुम्बिनीमा मतदानबाट नेतृत्व चयन भएकाले बाँकी प्रदेशहरुमा पनि अन्तरसंघर्ष देखिने बताउँछन् । 'पार्टीभित्र देखिएको अन्तरसंघर्ष सबै प्रदेशमा छ, लुम्बिनीमा त्यो देखियो । अब अरुतिर पनि हुने त्यही हो', ती नेता भन्छन् ।

लुम्बिनीपछि एमालेले बाँकी प्रदेशमा पनि अधिवेशन गर्दैछ । कोशीको १२-१३ असोजमा, मधेशको ५-६ असोजमा, बागमतीको ८-९ असोजमा, गण्डकीको १५-१६ असोजमा, कर्णालीको १०-११ असोजमा र सुदूरपश्चिमको २१-२२ असोजमा अधिवेशन हुँदैछ । प्रदेश अधिवेशन पछि ७७ जिल्लाकै अधिवेशन गर्ने एमालेको कार्यसूची छ । जिल्लापछि पालिका, वडा र जनसंगठनहरुको पनि अधिवेशन गर्ने निर्णय एमालेले गरिसकेको छ । तर लुम्बिनीको अधिवेशनले अरु प्रदेश, जिल्ला हुँदै वडासम्म एमालेको अन्तरसंघर्ष पनि पुग्ने संभावना बढेको छ ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ । त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राजधानीमै सुरक्षामाथि प्रश्न

कांग्रेसका सहमहामन्त्री तथा पूर्वमन्त्री यादवमाथि भएको धारिलो हतियार प्रहारको घटनाले संघीय राजधानीमै मानवीय सुरक्षामाथि प्रश्न उठाएको सरोकारवालाहरु बताउँछन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २० भदौ ।

नेपाली कांग्रेसका सहमहामन्त्री तथा पूर्वमन्त्री महेन्द्र यादवमाथि धारिलो हतियार प्रहार भएको छ । सिंहदरबार नजिकै रहेको काठमाडौंको भृकुटीमण्डपमा बुधबार कांग्रेसका सहमहामन्त्री यादवमाथि सांघातिक हमला भएको थियो । यादवमाथि भएको धारिलो हतियार प्रहारको घटनाले संघीय राजधानीमै मानवीय सुरक्षामाथि प्रश्न उठाएको सरोकारवालाहरु बताउँछन् ।



उनको स्वास्थ्य अवस्था भने स्थिर रहेको छ । राष्ट्रिय ट्रमा सेन्टरले बुधबार विज्ञप्ति जारी गर्दै यादवको आईसीयूमा उपचार भइरहेको जानकारी दिएको हो ।

नुवाकोटाको विदुर नगरपालिका घर भएका श्याम बहादुर सापकोटाले यादवमाथि धारिलो हतियारले आक्रमण गरेका हुन् । प्रहरीका अनुसार यादवलाई आक्रमण गर्ने आक्रमणकारी श्याम बहादुर सापकोटाले रिसको झोकमा आक्रमण गरेको बताएका छन् । प्रहरीले पक्राउ गरेर सिंहदरबार वृत्तमा लगेपछि गरिएको सोधपुछका क्रममा उनले रिसको झोकमा आक्रमण गरेको प्रहरीलाई बताएका हुन् । उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार रिपोटर्स क्लबमा भएको कार्यक्रममा सहभागी भएर फर्किने क्रममा नुवाकोटको बिदुर नगरपालिका ७ घर भएकासापकोटाले यादवको टाउकोमा पछाडिबाट खुकुरी आक्रमण गरेका हुन् ।

आक्रमणअघि क्लबमा भएको कार्यक्रममा सापकोटाले कांग्रेस नेता यादवको भाषण सुनेर बसेका थिए । कार्यक्रममा उनी भादगाउँले टोपी, टिसर्ट, हाफ ज्याकेट र झोला बोकेको देखिएका छन् । उनले यादवको भाषण धैर्यतापूर्वक सुनेका थिए तर बाहिर निस्किएपछि उनले झोलाबाट खुकुरी झिकेर आक्रमण गरेका थिए ।

आक्रमणपछि उनले एमसीसी खारेज गर, हिन्दू राष्ट्र कायम गर, राजसंस्था जिन्दावाद जस्ता नारा लगाएका थिए । नेपाली जनता ठूलो ऋणमा डुबेको भन्दै नेताहरुप्रति आक्रोश पोखेका थिए ।

### कांग्रेसले गऱ्यो निन्दा

नेपाली कांग्रेसले आफ्नो पार्टीका सहमहामन्त्री यादवमाथि भएको आक्रमणको निन्दा गरेको छ । कांग्रेस >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियामा दुई नेपाली कामदारद्वारा तोडफोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ

वैदेशिक रोजगारीका लागि मलेसिया गएका दुई युवा स्थानीय तमन मेलावती क्षेत्रमा रहेको पसलको झ्यालको सिसा तोडफोडको आरोपमा पक्राउ परेका छन् । उनीहरूको नेपालको ठेगाना र परिचय भने खुलाइएको छैन ।

मलेसियन प्रहरीले २१ र २२ वर्षका दुई नेपाली कामदार रक्सी पिएर लठ्ठीएको र उनीहरुले मुक्का हानेर पसलको सिसा फोडिदिएको बताएको छ । तोडफोडपछि सीसीटीभी फुटेज जाँचमार्फत पहिचान गरी प्रहरीले उनीहरुलाई हिरासतमा लिएको स्थानीय द स्टारको अनलाइन संस्करणले छापेको छ । पसलमा आउँदा सिसा फुटेको अवस्थामा देखेपछि पसलका म्यानेजरले सीसीटीभी फुटेज जाँच गर्दा रक्सीले मातेको अवस्थामा दुई युवाले पटक-पटक मुक्का हानेर सिसा फोडेको देखिएको समाचारमा उल्लेख छ । पक्राउ परेका दुबै कामदार सोही क्षेत्रको एक व्यापारिक मलमा रहेको पसलमा हेल्परको हैसियतमा काम गर्ने गरेको बताइएको छ ।

प्रहरीले पक्राउ परेका नेपालीको चालचलन बुझ्दा उनीहरूको मलेसियामा कुनै पनि आपराधिक रेकर्ड नरहेको बताएको छ । मलेसियन प्रहरीले दुबै जनालाई हिरासतमा राखेर मलेसियन दण्ड संहिताको दफा ४२७ अन्तर्गत अनुसन्धान गरिरहेको बताएको छ । कानून उल्लंघन गर्ने जो कोहीलाई पनि कडा कारबाही गर्ने भन्दै प्रहरीले कानूनको उल्लंघन गर्ने कसैलाई छुट नहुने बताएको छ ।

उता जापानमा पनि वैदेशिक रोजगारी तथा अध्ययनका लागि गएका नेपालीहरु एकपछि अर्को ठगीका अभियोगमा पक्राउ परेका छन् । जापानी सञ्चारमाध्यमहरुका अनुसार फुकुओका सेनमोन गाक्कोमा अध्ययनरत एक विद्यार्थी सहकर्मीको क्रेडिट कार्डको दुरुपयोग गरी सामान खरिद गरेको अभियोगमा पक्राउ परेका छन् ।

त्यसको केही दिनअघि चिबा प्रिफेक्चरमा स्टोरबाट ह्वीस्कि चोरेको तथा कर्मचारीलाई कुटपिट गरेको अभियोगमा अर्का नेपाली बनी पक्राउ परेका थिए । पछिल्ला दिन जापानमा नेपाली नागरिकहरु ठगी तथा यौन दुर्व्यवहारका घटनाहरुमा संलग्न भएको समाचार निरन्तर आइरहेको त्यहास्थित नेपालीका संघसंस्थाले बताएका छन् ।

## टीआरसी टुंग्याउने कसरत

प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, सभामुख देवराज घिमिरेसँग मंगलबार र बुधबार निरन्तर संवाद गरेका प्रधानमन्त्री प्रचण्डले बिहीबार सर्वपक्षीय बैठक राखेका छन् ।



संक्रमणकालीन न्याय सम्बन्धी विधेयकको विषयवस्तुमा राजनीतिक दलहरुमा करिब करिब सहमति छ । आयोगको म्याद चार वर्ष पुऱ्याउने समझदारी बनेको छ ।

**पूर्णबहादुर घर्ती**
**सांसद, माओवादी केन्द्र**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २० भदौ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संक्रमणकाली न्याय सम्बन्धी विषयलाइ टुंगोमा पुऱ्याउने कसरतमा छन् । मंगलबार र बुधबार उनले शीर्ष तहमा छलफल गरे । प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, सभामुख देवराज घिमिरेसँग मंगलबार र बुधबार निरन्तर संवाद गरेका प्रचण्डले बिहीबार सर्वपक्षीय बैठक राखेका छन् ।



अमेरिका भ्रमणमा निस्कनु अगाडि अन्तराष्ट्रिय समुदायलाई कुनै न कुनै रुपमा संक्रमणकाली न्याय सम्बन्धी विषय अगाडि बढेको वा टुंगिएको संदेश दिने प्रयास प्रधानमन्त्री प्रचण्डको छ ।

तर प्रधानमन्त्री प्रचण्डको सचिवलाय संक्रमणकालीन न्यायलाई टुंग्याउने विषय सरकारको सुरुदेखि कै पहिलो प्राथमिकतामा रहेको बताउँछ ।'१० पुसमा सरकार बनाउँदाको गठबन्धनको न्युनतम साझा >>> पृष्ठ २ मा

# तनहुँ सेवा समाज यूएईले मनायो पाँचौं वार्षिकोत्सव तथा तीज

**यूएई/मस-** तनहुँ सेवा समाज यूएईले आफ्नो पाँचौं वार्षिकोत्सवका साथै हरितालिका तीज मनाएको छ। समाजले वृद्धाश्रम सहयोगार्थ तीज विषय कार्यक्रम २०२३ सेप्टेम्बर ३ तारिक आइतबार दुबईको बरदुबईस्थित क्लब एभरेस्टमा सम्पन्न गरेको हो। महिलाहरुको महान पर्व हरितालिका तीज तथा संस्थाको पाँचौं वार्षिकोत्सव पारेर संस्थाले नेपालदेखि राष्ट्रिय कलाकारहरु लोक दोहोरी गायिका सम्झना भण्डारी, अस्मिता डल्लाकोटी, लोक दोहोरी गायक वसन्त विश्वकर्मा र गजलकार एवम् गायक राज सिग्देललाई आमन्त्रित गरी तीज विशेष कार्यक्रम मनाएको हो।



समाजका अध्यक्ष सुदिप कार्कीको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा संस्थाका प्रमुख संरक्षक दिपक खड्का प्रमुख अथिति रहेका थिए। वरिष्ठ अतिथिमा नेपाल एशोसिएसन-एनआरएनए एनसीसी यूएईका अध्यक्ष विकास शाही रहेका थिए। त्यस्तै विशेष अतिथिहरुमा नेपाली समाज यूएईका उपाध्यक्ष रमेश खनाल, गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद, मध्यपूर्व उपसंयोजक राजु केसी, नेपाली जनप्रगतिशील मञ्च यूएईका अध्यक्ष बाबुराम बिश्वकर्मा, नेपाली जनसम्पर्क समिति यूएईका सभापति भुवानि प्रसाद तिमिल्सिना, प्रवासी नेपाली मञ्च यूएईका अध्यक्ष एवम् समाजका सल्लाहकार टक गुरुङ, गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद आइसीसी सदस्य खेमराज बस्नेत, नेपाल आदिवासी जनजाति महासंघ यूएईका अध्यक्ष विक्रम लिम्बू, आईएनएएस शाखा यूएईका अध्यक्ष एम डी बोहरा, विजनेस काउन्सिल यूएईका कोषाध्यक्ष एवम् नमस्ते ट्राभल्सका सञ्चालक एकेन्द्र थापालागायत रहेका थिए।

कार्यक्रमको शुभारम्भ पानसमा बत्ती बालेर गरिएको थियो भने यूएई र नेपालको राष्ट्रिय गान बजाएर औपचारिक कार्यक्रम संस्थाका महासचिव सुरिन भुजेलले सञ्चालन गरेका थिए। सो क्रममा समाजको पाँचौं वार्षिकोत्सवको अवसरमा केक काटेर शुभकामना आदान प्रदन गरिएको थियो। कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष कल्पना रिमालले स्वागत मन्तव्य राखेकी थिइन् भने कार्यक्रम संयोजक राजु तिमल्सिनाले कार्यक्रमका बारेमा प्रकाश पारेका थिए।

त्यसैगरी विजनेस काउन्सिलका कोषाध्यक्ष एवम् नमस्ते ट्राभल्सका सञ्चालक थापा, नेपाल आदिवासी जनजाति महासंघ यूएईका अध्यक्ष लिम्बू, प्रवासी नेपाली मञ्च यूएईका अध्यक्ष एवम् समाजका सल्लाहकार गुरुङ, नेपाली जनसम्पर्क समिति यूएईका सभापति तिमिल्सिना, नेपाली जनप्रगतिशील मञ्च यूएईका अध्यक्ष बिश्वकर्मा, नेपाली समाज यूएईका उपाध्यक्ष खनाल, एनआरएनए एनसीसी यूएईका अध्यक्ष शाहीलगायतले पनि आ-आफ्नो मन्तव्य राखेका थिए।

यस्तै सो अवसरमा सांस्कृतिक कार्यक्रम लोक गायक तथा उद्घोषक कमल जंग कार्कीले सञ्चालन गरेका थिए भने गजलकार तथा आधुनिक गायक राज सिग्देलले आफ्नो प्रस्तुति राखेका थिए। गायक तथा गायिकाको प्रस्तुतिमा करिब ५ सय जना नेपाली दर्शक झुमेका थिए।

सोही अवसरमा कार्यक्रम संयोजक तिमिल्सिनाको समायोजनमा नारीहरुको महानपर्व हरितालिका तीजको दरका रूपमा सेल रोटी, अचार र खिरसमेत उपस्थित सबैलाई खुवाइएको थियो। कार्यक्रमको अन्त्यमा अतिथि तथा कार्यक्रमलाई प्रायोजन गर्ने सबैलाई मायाको चिनो तथा प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यक्रमको मुख्य प्रायोजक राजु तिमिल्सिना र मुख्य प्रायोजक प्रदिप श्रेष्ठ (राजु) रहेका थिए। यसैगरी प्रायोजन गर्नेहरुमा क्युट लुक्स ब्युटी सैलुन, कोशेली ट्राभल एण्ड टुरिजम एलएलसी, एमटी ८८४८ रेष्टुरेन्ट, सयपत्री स्टार एण्ड सयपत्री ट्राभल एण्ड टुरिजम, फिसटेल ट्राभल्स एण्ड टुरिजम एलएलसी, ग्रिनलाइन ट्राभल एण्ड टुरिजम एलएलसी, परदेशी हातेमालो को-ओपरेटिभ सोसाइटी यूएई, वेस्टर्न युनियन, भीएनजे ग्लोबल, नेपाली चुलो रेष्टुरेन्ट, हिमाल ट्राभल, टुरिजम एण्ड नेचुरल ब्युटी सैलुन एण्ड स्पा, ग्लोबल आइएमई बैंक, आइएमई, नमस्ते ट्राभल एण्ड टुरिजम, एम ट्राभल्स एण्ड टुरिजम, बीबीएम इन्भेस्टमेन्ट एलएलसी, जीसीडी एचआर एण्ड म्यानेजमेन्ट कन्सल्टेन्सी, सपना ज्वेलरी, अनलक योर ब्युटी पोटेन्सियल केयर प्लस लेडिज सैलुन एलएलसी, माउण्ट एभरेष्ट ज्वेलरी एलएलसी, हिमालयन ग्लोबल ज्वेलरी एलएलसी, ट्रष्टेड कि टाइपिङ एण्ड डकुमेन्ट कपिइङ, घनटुट रेष्टुरेन्ट, न्यु माउण्टेन टुरिजम एलएलसी, ससुराली रेष्टुरेन्ट, मनकामना रेष्टुरेन्ट, इसेवा मनी ट्रान्सफर, सेली ट्रेडिङ एलएलसी यूएई, लुमिकट सैलुन, नेप्लिज फुटबल एशोसिएसनका अध्यक्ष मुक्ति गुरुङ, अन्तर्राष्ट्रिय कलाकार मञ्च यूएईका उपाध्यक्ष सोनी भण्डारी, एनआरएनए एनसीसी यूएईका महिला संयोजक मन्जु मल्ल, समाजसेवी प्रदीप पौडेललगायत कार्यसमिति सदस्यहरु रहेका थिए।

कार्यक्रमलाई विभिन्न प्रकारले सहयोग गरी भवयतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णलाई हार्दिक कृतज्ञता व्यक्त गर्दै संस्थाका अध्यक्ष तथा कार्यक्रम सभापति कार्कीले कार्यक्रमको समापन गरेका थिए। समाजका महासचिव भुजेलले उक्त कार्यक्रमबाट आएको मुनाफा तनहुँ जिल्लामा अवस्थित ज्येष्ठ नागरिक तथा वृद्धाश्रमलाई सहयोग गरिने जानकारी दिए।

# बाजुराका स्थानीय तहका कर्मचारीले निजामती सेवा दिवस नमनाउने

**धनकृष्ण विश्वकर्मा/मध्यान्ह**
बाजुरा, २० भदौ



बाजुराका स्थानीय तहमा कार्यरत कर्मचारीहरुले यो वर्षको निजामती सेवा दिवस नमनाउने भएका छन्। स्थानीय तहमा कार्यरत कर्मचारीहरुले संयुक्त विज्ञप्ति जारी गर्दै भदौ २२ गते हुने निजामती सेवा दिवस नमनाउने भएका हुन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भदौ २२ गते निजामती सेवा दिवस मनाउन यहाँका स्थानीय तहलाई यसअघि नै पत्राचार गरेको थियो।

निजामती सेवा दिवस मनाउनेबारे स्थानीय तहलाई प्राप्त पत्रपछि स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा तथा वृत्तिविकासको सुनिश्चित नभएको र प्रस्तावित निजामती सेवा ऐनको मस्यौदामा स्थानीय तहका कर्मचारीहरुलाई निजामती सेवाको परिभाषामा नसमेटिएको अवस्थामा कर्मचारीहरुबीच विभेद भएको भन्दै दिवस नमनाउने भएका हुन्।

स्थानीय तहमा कार्यरत कर्मचारीहरुले जारी गरेको संयुक्त विज्ञप्ति अुनसार कर्मचारीहरुले भदौ २२ गते मनाउन लागिएको निजामती सेवा दिवसका दिन विरोध स्वरुप कालोपट्टी बाँधी विरोध जनाउने र स्थानीय कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था नभएसम्म निजामती सेवा दिवस नमनाउने निणर्य गरेको बडीमालिका नगरपालिकाका शिक्षा शाखा अधिकृत रंगमल विकले बताए।

कर्मचारीहरुले संयुक्त जारी गरिएको विज्ञप्तिमा संघीय निजामती सेवा ऐन नभइ एकीकृत निजामती सेवा ऐन ल्याउनुपर्ने, सेवा समुहको आधारमा सरकारी सेवाको प्रवेशद्वारा स्थानीय सेवामा मात्र हुनुपर्ने, सरुवा प्रणालीलाई दोहोरो सहमतिका आधारमा नभइ अनुमानयोग्य चक्रीय प्रणालीका आधारमा हुनुपर्ने, अन्तरप्रदेश तह अन्तरप्रदेश सरुवाको व्यवस्था संघीय ऐनमा नै खुलाउनुपर्ने, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा सुविधा र वृत्तिविकासमा सबैलाई समान हुनुपर्ने, प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाकै हुनुपर्ने, स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको पूर्ण सुरक्षाको प्रत्याभुति हुनुपर्ने लगायतका माग राखेका छन्।

कर्मचारीहरुले संयुक्त जारी गरेको विज्ञप्तिमा उल्लेख गरेका मागहरु सम्बोधन नभए राज्यको आधारका रुपमा रहेको स्थानीय तहमा कामकाज र सेवा प्रवाह ठप्प पार्ने चेतावनी समेत दिएका छन्। नेपालमा हरेक वर्षको भदौ २२ मा देशभर विभिन्न कार्यक्रम गर्दै निजामती सेवा दिवस मनाइँदै आएको छ।

## राजधानीमै...

मुख्यसचिव कृष्णप्रसाद पौडेलले एक विज्ञप्ति जारी गर्दै यादवमाथि भएको सांघातिक हमलालाई कांग्रेसले गम्भीरतापूर्वक लिएको बताए।

'यो घटनाको नेपाली कांग्रेस घोर निन्दा र भर्त्सना गर्दछ। रिपोटर्स क्लवमा भएको कार्यक्रमबाट बाहिरिने क्रममा भएको आक्रमण पछि उहाँको अहिले काठमाडौंको ट्रमा सेन्टरमा उपचार भैरहेको छ', विज्ञप्तिमा भनिएको छ।

यादवमाथि आक्रमण गर्ने व्यक्तिलाई कडाभन्दा कडा कारबाही गर्न कांग्रेसले सरकारसँग माग गरेको छ।

'उहाँमाथि आक्रमण गर्ने व्यक्ति र पछिल्तिर हुन सक्ने जो कोही व्यक्ति वा समूह उपर गहिरो अनुसन्धान गरेर कडाभन्दा कडा कारबाही गर्न नेपाली कांग्रेस सरकारसँग जोडदार माग गर्दछ' विज्ञप्तिमा उल्लेख छ। कांग्रेसले यादवको स्वास्थ्यलाभको कामना समेत गरेको छ।

## टीआरसी...

कार्यक्रममा संक्रमणकालीन न्याय सम्बन्धी विषय थियो। अर्को गठबन्धन बन्दा पनि थियो र सरकारले सुरुमै यस सम्बन्धी विधेयक संसदमा दर्ता गरेको थियो। बरु अपेक्षित गतिमा यो अगाडि बढाउन नसकिएको सरकारको बुझाइ छ' प्रधानमन्त्री कार्यालयका एक अधिकारीले भने।

प्रधानमन्त्री प्रचण्डले २५ फागुन २०७९ मा प्रतिनिधि सभामा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक २०७९' दर्ता गरेका थिए।

सुरुमा सरकारले संसदमै दफावार छलफल गरेर यो विधेयक टुंगोमा पुऱ्याउने चाहना व्यक्त गरेको थियो। तर, सत्ता समीकरण फेरिएपछि प्रमुख प्रतिपक्षी एमालेले संसदीय समितिमा नलगी अगाडि बढाउन नदिने नीति अख्तियार गऱ्यो। हाल यो विधेयक प्रतिनिधि सभाको कानुन, न्याय तथा मानवअधिकार समितिमा बिचाराधीन छ।

संसदीय समितिले पनि उपसमिति गरेर विधेयकमाथि छलफल चलाइरहेको छ। २१ दिनको समय दिएर जेठ ५ गते गठन भएको संसदीय उपसमितिको म्याद मंगलबार दोस्रो पटक सात दिन थपिएको छ।

उपसमितिका जेष्ठ सदस्य ध्रुवबहादुर प्रधानका अनुसार समितिले सरोकारवालाहरुसँग छलफल सकाएको छ। प्रतिवेदन लेखनका लागि प्रारम्भिक कार्यहरु अगाडि बढेका छन्।

उनका अनुसार टिआरसीमा अब प्रतिवेदन लेखनको कार्य बाँकी छ। उच्च राजनीतिक तहमा सहमति हुन सके केही दिनमै टिआरसीमा राजनीतिक दलहरुका बीचमा सहमति जुट्नेछ।

नेताहरुका अनुसार टिआरसी पास गर्ने दिन संसदमा सबै राजनीतिक दलका शीर्ष नेताहरुले सम्बोधन गर्नेछन्। 'सामुहिक रुपमा संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याएको जस सबै राजनीतिक दलले पाउने गरी संसदमा त्यस खालको वातावरण सिर्जना गर्नै सबै सहमत छन्। यसको नेतृत्व एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले गरिरहेका छन्।

मंगलबार प्रधानमन्त्री प्रचण्डलाई भेट्न जानु अगाडि एमाले अध्यक्ष ओलीले उपनेता नेम्वाङबीच सिंहदरबारमै छलफल भएको थियो।

छलफलपश्चात अध्यक्ष ओली प्रधानमन्त्री प्रचण्डलाई भेट्न प्रधानमन्त्री कार्यालय गएका थिए भने उपाध्यक्ष नेम्वाङ कानुन न्याय तथा मानवअधिकार समितिको बैठकमा सहभागी हुन गएका थिए।

ओलीसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने सन्दर्भमा खुला छलफल गर्न तयार रहेको र सबै राजनीतिक दलले अपनत्व लिनेगरी विधेयक अगाडि बढाउने चाहना रहेको बताए।

एमाले नेता अग्नि खरेलका अनुसार प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा तत्कालीन कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले ल्याएको टिआरसी विधेयकमा नमिलेको मुख्य विषय हो - द्वन्द्वकालीन मुद्दामा पुनरावलोकन हुने या नहुने ? यसपटक सरकारले द्वन्घकालीन मुद्दामा पुनरावलोकन हुने गरी प्रस्ताव ल्याएको छ।

साथै, संक्रमणकालीन न्याय सम्बन्धी मुद्दा हेर्न छुट्टै अदालत गठनको अवधारणा विगतमा थियो। यसमा नेकपा एमालेले असहमति जनाउँदै आएको थियो।

यसका सहमतिका लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले मध्यमार्गी प्रस्ताव गरेको छ। कानुन मन्त्रालयको ड्राफ्ट अनुसार द्वन्द्वकालीन मुद्दा सुन्ने प्रयोजनका लागि प्रधानन्यायाधीशले न्याय परिषदको परामर्शमा एक छुट्टै पूर्ण इजलास गठन गर्नेछ।

यसअघि हत्या र यातनाको परिभाषको विषयमा चरम असन्तुष्टी थियो। सामान्य र गम्भिर भनेर राख्दा चलखेल हुने र पिडितले न्याय नपाउने हो कि भन्ने आशंका थियो।

साथै मानव अधिकार उलंघन र गम्भीर मानव अधिकार उलंघनमा रहेको विवाद मिलाउने प्रस्ताव पनि कानुन मन्त्रालयले गरेको छ। जहाँ पीडितहरुले उठाएको आवाजलाई सम्बोधन गर्ने प्रयास गरिएको छ। कानुन मन्त्रालयको प्रस्ताव अनुसार अन्तराष्ट्रिय मानव अधिकार र मानवीय कानुन विपरितका जुनसुकै कार्य मानव अधिकार उलंघनको परिभाषामा समेटिनेछ।

गम्भीर मानव अधिकार उलंघनको परिभाषामा आर्बीटेरी हत्या, जबरजस्ती करणी र जबरजस्ती व्यक्ति हत्यालाई समेटिएको छ।

यसअघि हत्या र यातनाको परिभाषको विषयमा चरम दलहरुका बीचमा विवाद थियो। सामान्य र गम्भिर भनेर राख्दा चलखेल हुने र पिडितले न्याय नपाउने हो कि भन्ने आशंका पीडितहरुमा पनि थियो। पीडितहरुले स्वइच्छाचारी रुपमा क्रुरतापूर्वक गरिएको (आर्बीटेरी) हत्याको विषय गम्भीर मानव अधिकार उलंघनभित्र राखिनुपर्ने माग राख्दै आएका थिए। त्यसलाई सम्बोधन गर्न कानुन मन्त्रालयले मध्यमार्गी प्रस्ताव राखेको हो।

बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोगको म्याद चार वर्ष पुऱ्याउनेमा भने राजनीतिक दलहरु सहमत भएका छन्। माओवादी केन्द्रका सांसद पूर्ण बहादुर घर्ती भन्छन्, 'आयोगको म्यादका सन्दर्भमा समस्या छैन। चार वर्ष पुऱ्याउने करिब/करिब सहमति छ।'


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२१**

**साघुटार अर्गानिक कृषि फार्म प्रा.लि.** को मिति २०८०/०५/१४ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साघुटार रेष्टुरेण्ट प्रा.लि. (प्रा.लि. नं.: २४०३६२)** कायम गर्ने गरी मिति २०८०/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२१**

**वयोधा फार्मेसी प्रा.लि. (Vayodha Pharmacy Pvt Ltd)** को मिति २०८०/०५/०५ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वयोधा हस्पीटल्स फार्मेसी प्रा.लि. (Vayodha Hospitals Pharmacy Pvt Ltd) (प्रा.लि. नं.: ११४०८१)** कायम गर्ने गरी मिति २०८०/०५/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### भर्ना सम्बन्धी जरुरी सूचना !!!

**यस कान्तिपुर डेन्टल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर र कान्तिपुर स्कूल अफ डेन्टिस्ट्री वसुन्धरा काठमाडौंमा प्रविणता प्रमाणपत्र तहको Certificate in Dental Science (CDS) कार्यक्रममा केही सीट रिक्त रहन गएकोले CTEVT बाट लिईएको प्रमाणपत्र तहको कुनै पनि कार्यक्रमको प्रवेश परीक्षा उत्तीर्ण भई छुट भएका Main Candidate Waiting list तथा Cut off list मा परेका इच्छुक परीक्षार्थी हरुलाई भर्नाको लागि आजका मितिदेखि ७ दिन भित्र निवेदन दर्ता गराई नियमानुसार भनी हुन जानकारी गराइन्छ।**

**कान्तिपुर डेन्टल कलेज**
**टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर**

KSD **कान्तिपुर स्कुल अफ डेन्टिष्ट्री**
**धापासी, बसुन्धरा, रिङ्गरोड, काठमाडौं**
**फोन नं ४५६६२४२ / ४५५८५८६**

### UAE मा रोजगारको अवसर | कम्पनीः S K SOLUTIONS FACILITY SERVICES L.L.C.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/०४/२९ | चलानी नं.: ६०१८५२७५ | LT. No.: 269507 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 1 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Secretary | 2 | 0 | | 1500 | ५४,१३५ | | | | | | | |
| 3. | Security | 22 | 10 | | 1600 | ५७,७४४ | | | | | | | |
| 4. | Waiter | 0 | 2 | | 1200 | ४३,३०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २८ र २९ गते (14 & 15 September 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

### रोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**रोशी ०७, काभ्रेपलान्चोक**
**बागमती प्रदेश, नेपाल**

ROSHI RURAL MUNICIPALITY

### वातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मितिः २०८०/०५/२१**

काभ्रेपलान्चोक जिल्लाको रोशी गाउँपालिका वडा नं. १० र ११ भएर बग्ने भ्याकुरे खोलाको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टि, बालुवा र माटोको दिगो संकलन तथा निकासी कार्य गर्न वातावरणीय अध्ययन भई रहेको जानकारी गराईन्छ। प्रस्ताव कार्यान्वयन हुने खोला र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | अध्ययन गर्ने नदी तथा खोला | अध्ययन गर्ने क्षेत्र | प्रभावित पर्न सक्ने क्षेत्रहरु |
|---|---|---|---|
| १ | भ्याकुरे खोला | भ्याकुरे खोला किनारा तथा बगर क्षेत्र। | रोशी गाउँपालिका अन्तरगतका वडा नं. १० र ११ का नदी तथा सहायक खोला किनारा छेउका वस्ति तथा सम्पदाहरु। |

"वातावरण संरक्षण ऐन, २०७६", "वातावरण संरक्षण नियमावाली, २०७७", यस रोशी गाउँपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८" बमोजिम वातावरण अध्ययन गर्नुपर्नेछ। यो प्रस्ताव कार्यान्वयन गर्नु अघि, प्रस्तावको कार्यन्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सांस्कृतिक प्रणालीहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरी प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने देखिन्छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ईमेल | रोशी गाउँपालिका, अमलटार<br>ईमेलः roshi2073@gmail.com, सम्पर्क नं. ९८५१२०१९३७ |
| परामर्शदाताको नाम र ईमेल | आईस्वोटेक्ट ईन्जिनिरिङ्ग कन्सल्टेन्ट प्रा.ली.<br>ईमेलः isotect.dhn@gmail.com, सम्पर्क नं. ९८४३८१८३३१ |

### कर्णाली प्रदेश सरकार
### भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
### कृषि विकास निर्देशनालय
### कृषि विकास कार्यालय
**रुकुम (पश्चिम), नेपाल**

### कृषि सिंचाई कार्यक्रमको सम्झौता गर्न आउने सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८०/०५/२१**

यस रुकुम पश्चिम जिल्ला अन्तर्गत विभिन्न स्थानीय तहहरुमा यस वर्ष संचालन गरिने कृषि सिंचाई आयोजनाहरु मर्मत सम्भार तथा नयाँ निर्माणका लागि रकम विनियोजन भई आएकोले सोही अनुसार यस रुकुम पश्चिम जिल्लाका तपशिलमा उल्लिखित नाम ठेगाना भएका कृषि सिंचाई मर्मत गर्नको लागि सोही नगरपालिका/गाउँपालिका निर्माण समितिहरुबाट सम्झौता गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८० असोज ०१ गते) भित्र यस कार्यालयमा आवश्यक कागजातहरु सहित संलग्न सम्पर्क गर्न हुन सूचित गरिन्छ। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०८८-५३००१९ मा सम्पर्क गर्न सकिने छ।

**आवश्यक कागजातहरुः**

१) कृषि विकास कार्यालयका कृषि प्राविधिकको उपस्थितिमा वडा कार्यालयको समन्वयमा निर्माण समिति गठन गरी रु १० को हुलाक टिकट टाँस अनुसूचि ४ अनुसारको निवेदन।
२) सम्बन्धित वडा/स्थानीय तहको सिफारिस।
३) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु।
४) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
(५) हाल सिंचाई भईरहेको भए कति क्षेत्रफलमा हो र सिंचाई निर्माण पछि हुने अनुमानित सिंचित क्षेत्रफल हाल लाभान्वित हुने घरधुरी र जनसंख्या हाल लगाईएको बाली र लगाईने बालीको विवरण।
६) प्रतिवद्धता पत्र र आयोजना संग सम्बन्धी अन्य आवश्यक कागजातहरु।

**नि. कार्यालय प्रमुख**

# 'तुइनमुक्त नेपाल' बनाउने घोषणा अलपत्र

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २० भदौ

नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७२ सालमा दुई वर्षभित्र देशलाई तुइनमुक्त बनाउने घोषणा गऱ्यो । यसका लागि ०७२ असोज २५ मा बसेको मन्त्रिपरिषद्को बैठकले 'देशभरका तुइन हटाउने' निर्णय गरेको थियो ।

मन्त्रिपरिषद्को बैठकले तुइन हटाएर झोलुङ्गे पुल निर्माणको योजना अघि सार्ने निर्णय गरेको ८ वर्ष बितिसक्दा पनि मुलुकका विभिन्न नदीहरू तर्ने तुइन जस्ताका त्यस्तै छन् । ओलीको 'तुइनमुक्त नेपाल' बनाउने घोषणा अहिले अलपत्र अवस्थामा छ । यसको नमुना उदाहरण सल्यानको बनगाड बनेको छ । सल्यानको बनगाड कुपिण्डे नगरपालिका वडा नम्बर २ कुनिकका स्थानीयहरू अहिले पनि तुइनकै भरमा जीवन चलाइरहेका छन् ।

यति मात्रै होइन नदी वारपार गर्न तुइन पनि स्थानीयहरूले आफ्नै लगानीमा निर्माण गरेका हुन् । स्थानीय तथा प्रदेश सरकारसँग पुलका लागि बारम्बार खबरदारी गरे पनि सरकारले पुल बनाउनतर्फ कुनै चासो नदेखाएपछि उनीहरूले आफ्नो सहजताका लागि आफ्नै लगानीमा तुइन निर्माण गरेका हुन् । उनीहरूले गत जेठमा आफ्नै लगानीमा तुइन निर्माण गरेका हुन् । स्थानीयहरूको लगानीमा बनेको तुइन करिब १ सय २५ मिटर लामो छ ।



स्थानीयले बनाएको तुइन बनगाड कुपिण्डे नगरपालिका-२ कुनिक, बामे, लाखर, राइरा र जाजरकोटको छेडागाड नगरपालिकाको खाराका दुई दर्जन परिवारले प्रयोग गर्दै आएका छन् । पुल नहुँदा विगतमा गाडीको ट्युब प्रयोग गरी भेरी नदी वारपार गर्न बाध्य हुँदै आएका स्थानीयलाई अहिले भने केही राहत भएको छ । उनीहरूलाई जति राहत मिलेको छ त्यो भन्दा दोब्बर जोखिमसमेत छ ।

तुइन निर्माण गर्न झण्डै ५०-६० हजार लागत लागेको उनीहरूको भनाइ छ । तुइन बनाउन बनगाड कुपिण्डे नगरपालिका-२ का अध्यक्ष मानबहादुर खत्रीले २५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग गरेका थिए भने अरू बाँकी रकम त्यहाँका स्थानीयवासीले नै व्यहोरेका हुन् ।

बस्ती सानो भएकाले विकास निर्माणमा पछि परेकोले स-साना योजनाहरूमा सरकारले चासो नदिने गरेको वडा अध्यक्ष खत्रीले बताए । उनले हिउँदमा नदीको बहाव कम हुँदा त जेनतेन तुइन तर्न सहज हुने, तर बर्खामा भेल बढेसँगै तुइनबाट आवतजावत तर्न कठिन हुने उनको भनाइ छ । तुइनमाथि ताङ्लो अड्याएर वर्षौंदेखि सामान ओसारपसार गर्ने र विद्यार्थीहरू समेत त्यही तुइनबाट वारपार गर्दै आएका छन् । यस क्षेत्रका विद्यार्थी, गर्भवती महिला, वृद्ध वृद्धा वा अशक्त बिरामी यही तुइनमार्फत वारपार गर्नुको विकल्प नभएको स्थानीय गोपीलाल शर्माले बताए । तुइनको भरमा नदी वारपार गर्दै आएका उनीहरू सधैं मनभित्र डर बोकेर वारपार गर्दै आएको उनले बताए ।

दैनिक उपभोग्य वस्तु ओसार पसार गर्न, बालबालिकालाई विद्यालय जान र बिरामीलाई उपचारका लागि अस्पताल लैजान समस्या भएपछि रकम उठाएर तुइन निर्माण गरिएको स्थानीय मानबहादुर घर्तीले जानकारी दिए । विद्यार्थीलाई विद्यालय जान तीन घण्टा हिँड्न समय लाग्ने र जंगलबाट जान जंगली जनावरको डर हुने भएकाले विद्यार्थीहरू पनि तुइन चढेर छेडागाड हुँदै भेरी नगरपालिकाको भुरचौरमा पढ्न जाने गरेको शर्माले बताए ।

नेताहरू चुनावताका पुल बनाउने भनी आश्वासनका पोका लिएर आउने गरेको भए पनि चुनावपछि भने मुखै नदेखाउने गरेको र समस्या लिएर जाँदा पनि वास्ता नगरेको उनको भनाइ छ । यहाँका १० जना विद्यार्थीमध्ये ६ जना विद्यार्थी यही तुइन तरेर एक घण्टा टाढा रहेको जाजरकोटको भेरी नगरपालिकामा रहेको माध्यमिक विद्यालय भुरचौरमा पढ्न जाने गरेको छन् । अन्य विद्यार्थी भने तुइनको डरले विद्यालय नै नजाने उनले बताए ।

यता वडाध्यक्ष खत्रीले तुइन विस्थापन गरेर झोलुङ्गे पुल निर्माणका लागि पहल थालिएको बताएका छन् । उनले वडाबाट झोलुङ्गे पुल निर्माणको लागि प्रदेश सरकारसँग पहल भइरहेको बताए ।

यता कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री भिम प्रकाश शर्माले झोलुङ्गे पुल निर्माणको लागि तुरुन्तै सर्भे गरी भौतिक पूर्वाधार विकास निर्देशनालयलाई निर्देशन दिएको बताए । उनले अबको केही समयमा झोलुङ्गे पुल निर्माण गरिसक्ने आश्वासन पाएको दाबी गरे ।

## माओवादीको विशेष अभियान रुकुम पश्चिममा जारी

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० भदौ

रुकुम पश्चिममा नेकपा माओवादी केन्द्रको जनतासँग माओवादी विशेष रुपान्तरण अभियान सञ्चालन भइरहेको छ । पार्टीले कार्यकर्तालाई इन्चार्ज बनाएर सबै वडामा खटाएको छ । अभियान ३ महिनासम्म सञ्चालन हुने र ८ लाख पार्टी सदस्य बनाउने उद्देश्य रहेको माओवाद केन्द्रका जिल्ला संयोजक गोबिन्द रोका (सचिन)ले बताए । रुकुम पश्चिममा कतै जनश्रमदान गरेर अभियान सञ्चालन गरिएको छ भने कतै तीज विशेष कार्यक्रम आयोजना गरेर अभियान सञ्चालन गरिएको छ । चौरजहारिका केही वडामा श्रमदान गरेर अभियान सञ्चालन गरिएको छ । धेरै जसो वडामा बैठकबाट अभियान सञ्चालन गरिएको बाँफिकोट-४ अभियानकी इन्चार्ज प्रेमा शाहीको भनाइ छ ।

अभियानकै क्रममा पार्टी प्रवेशको कार्यक्रम पनि भइरहेको छ । अभियानकै क्रममा बाँफिकोट गाउँपालिका वडा नम्बर १० बाट ५ जना नेपाली कांग्रेसबाट माओवादी केन्द्रमा प्रवेश गरेका छन् । पार्टी प्रवेश गर्नेहरुमा रामबहादुर बुढा, नर्सिङ बिक, दलबहादुर ओली, प्रदीप विष्ट र सरुण दमाई रहेको माओवादी केन्द्रका १० नम्बर वडाका अभियानका इन्चार्ज हरि चन्दले जानकारी दिए ।

# बौधीमाईका लेखापाल यादवलाई निजामती सेवा सम्मान

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २० भदौ

जिल्ला निर्वाचन कार्यालय गौर रौतहट तथा बौधीमाई नगरपालिकाका लेखापाल अरविन्द कुमार यादव 'निजामती सेवा सम्मान २०८०' बाट सम्मानित भएका छन् ।

निजामती सेवामा प्रवेश गरेदेखि उनले गरेको उत्कृष्ट कार्यको उच्च मूल्याकंन गर्दै चन्द्रलोक प्रतिष्ठानले लेखापाल यादवलाई उक्त सम्मान प्रदान गरेको हो । निजामती सेवा दिवस २०८० को अवसर पारेर काठमाडौंमा आयोजित एक समारोहकाबीच लेखापाल यादवलाई प्रतिष्ठानले सम्मान गरेको छ ।



कार्यक्रमका प्रमुख अतिथि संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवी साहले लेखापाल यादवलाई उक्त सम्मान प्रदान गरिन् । नेपाल सरकारको निजामती कर्मचारी प्रशासनको माध्यमबाट देशको विकाश र नेपाली नागरिकहरुप्रति समर्पित रहि आफ्नो सेवाकालमा यस्तै पवित्र र उत्कृष्ट कार्यहरु गर्दै जान मन्त्री साहले यादवलाई सुझाव दिइन् ।

कार्यक्रममा पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदी, नेपाल सरकारका पूर्व सचिव, वरिष्ठ साहित्यकार तथा पूर्वमन्त्री शंकरप्रसाद कोइराला लगायतको सहभगिता रहेको थियो । रौतहटको बौधीमाई नगरपालिका वडा नं १ अजगैबी टोलमा जन्मिएका यादव २०७३ साल पुस १ गतेदेखि सह-लेखापालबाट निजामती सेवामा प्रवेश गरेका थिए । यादव नेपाल सरकारको विभिन्न निकायहरुमा कार्यरत रहेर सेवा गर्दै हाल जिल्ला निर्वाचन कार्यालय गौर रौतहटमा लेखापाल पदमा कार्यरत छन् ।


**Invitation for Bids**

**Bangad Campus (TU Affiliated Campus)**
**Bangad Kupinde Municipaliy**
**Sunaulibazar-6, Salyan, Karnali Province, Nepal**

**Invitation for Bids for the Construction Of Bangad Campus Building**

Contract Identification No: **BC/NCB/WORKS-01-2080/081**
**Date of publication: : Sep.-07-2023 (2080/05/21)**

1. ***Bangad Campus*** invites E-Bids from Nepalese eligible bidders for the construction of Following Projects.

| S N | Contract Identification no | Description of Works | Cost of Bidding Documents Nrs | Estimated cost without VAT Contingency and PS ) | Amount Of Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BC/NCB/ WORKS-01-2080/081 | Construction Of Bangad Campus Building | 3000 | **5294410.25** | 150000 | Electronices Bids only |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bangad Campus sunaulibazar Salyan Contact no 9869648515 .
3. Eligible Bidders download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders submitting their bid electronically should deposit nonrefundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher & Company/firm registration certificate,VAT PAN Registration and Tax Clearance Certificate shall be uploaded by the bidder at the time of electronic submission of the bids.
 Information to deposit the cost of bidding document in bank.

| | |
|---|---|
| **Name of the Bank** | **Laxmi Sunrise Bank,Limited,Sallibazar Branch** |
| **Name of Office** | **Bangad Campus Salyan** |
| **Office Account no For Dharauti Deposit or Bank Gurantee** | **06911005822** |

4. Pre-bid meeting shall be held at ***Bangad Campus***, Salyan at ***2080/06/10***
5. electronic bids must be submitted to Bangad Campus salyan office through PPMO website **www.bolpatra.gov.np/egp** on before ***2080/06/22*** at 12:00 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders representatives who choose to attend at ***2080/06/22*** at **13:00** the office of Bangad Campus , Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in (.pdf) format, which shall be valid for 30 days beyond the validity period of the bid at 2080/10/25.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bangad Campus reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
10. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.



**Tapli Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Rupatar, Udayapur, Koshi Province, Nepal**

**Invitation for Catalogue Shopping**

**First Date of Publication: 2080-05-21**
**Notice for procurement of Standard Motorbike through Catalogue Shopping Method**

1. Tapli Rural Municipality, Office of the Rural Municipal Executive, Rupatar, Udayapur invites Catalogue Shopping Method as per Public Procurement Act 2063 Clause 8 Sub clause 1(Ka)-8from eligible Producers/Authorized Distributer as per detail given below notice for procurement of Standard Motorbike through Catalogue Shopping Methods for the procurement of following works:

| S.N | Catalogue Shopping Identification Number | Item and Quantity | Estimated Amount with Vat NRS | Last Date and Time of submission of bids | Date and time of Opening |
|---|---|---|---|---|---|
| 1 | TRM/CS/VEH-01/2080-081 | Supply and Delivery of Motorbikes to Tapli Rural Municipality, Rupatar Udayapur, 5 unit | 18,25,006.5 | 2080-06-04 12:00 PM | 2080-06-04 13:00 PM |

2. A complete set of Bidding Documents may be purchased from the office Tapli Rural Municipality Office of the Rural Municipal Executive Rupatar, Udayapur by eligible Bidders on the submission of a written application, till 2080/06/04 till 12:00 PM.
3. Interested Authorized Distributors may submit their proposal along with Renew **Company registration, VAT/PAN registration Tax Clearance Certificate of FY 2079/080 Self-declaration letter of Manufacturers Authorization, Specification/Rate with Detail Catalogue along with the application**.
4. Further Detail may be obtained from the Tapli Rural Municipality Office.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.
7. **For Further Queries and for Detailed Specifications visit (www.taplimun.gov.np)**

**Chief Administrative Officer**
**Tapli Rural Municipality**



**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः- २०८०/०५/२१**

यस आयोजनाबाट बिभिन्न मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु.(मु.अ.क. र पी.एस सहित) |
|---|---|---|---|
| FPIU/Surkhet/ Works/ NCB/39 (Re)/079/80 | Construction Work of District Jail Office Building,Surkhet | K.R-Dinesh JV,Nepalgunj | ४,५३,४७,९१२।७८ |
| FPIU/Surkhet/ Works/ NCB/41/079/80 | Assembly Hall Construction work in Bheri municipality-1 Kalegaun Jajarkot | Jana chahana –Iroj-Na-hakuli JV Jajarkot | ४,४०,२१,४६३।६९ |

**आयोजना प्रमुख**



**UAE मा PSBD Security Guard हरुलाई रोजगार**

**Company Name: UNITED SECURITY GROUP** **City: UAE**

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०१९८२५५ LT. No.: 282838 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 2000 | ७२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २८ गते (14 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ ।**

**SLC Passed, उमेरः २१ देखि ४० वर्ष नकाटेको, पुरुषको हकमा उचाईः ५.६ इन्च भन्दा माथि, कामको अनुभव भएको र अंग्रेजी राम्रोसँग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Chitwan Contact: 9802855069
Pokhara Contact: 9802855195, Itahari Contact: 9804372357,
Jhapa Contact: 9802028989
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२१ भदौ २०८०, बिहीबार
7 September 2023, Thursday

## सम्पादकीय

# नेतृत्वले बुझ्नुपर्ने परिस्थिति

पछिल्ला केही घटनाक्रमले विद्यमान सामाजिक–राजनीतिक परिस्थितिबारे गम्भीर विमर्शको आवश्यकता बढ्दै गएको छ । बुधबार मात्रै नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि सार्वजनिक कार्यक्रमबाट फर्कने क्रममा खुकुरी प्रहार भयो । भुकृटीमण्डपको एक पत्रकार सम्मेलनबाट फर्कदै गर्दा यादवको टाउकोमा श्यामबहादुर सापकोटाले खुकुरी प्रहार गरेका थिए । खुकुरी प्रहार गर्ने सापकोटालाई प्रहरीले नियन्त्रणमा लिएको छ भने यादवको उपचार भइरहेको छ । टाउको पछाडि प्रहार हुँदा घाइते यादवको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । यो घटनाप्रति कांग्रेसले निन्दा गरेको छ । उपचारत यादवको स्वास्थ्य लाभको कामना गरेको कांग्रेसले दोषीमाथि कार्बाहीको माग गरेको छ ।

खुकुरी प्रहार गर्ने व्यक्तिले पक्राउ परिरहदा दिएको अभिव्यक्ति सुन्दा उनलाई यादवको अभिव्यक्ति मन परेको छैन । लोकतन्त्रमा कोही नेता अथवा व्यक्तिको विचार अरूलाई मन पर्न/नपर्न सक्छ । तर हरेक व्यक्तिमा अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित रहेको वर्तमान व्यवस्थामा सांघातिक आक्रमण निन्दनीय कुरा नै हो । सँगै राजनीतिक निराशाको अपराधिकरणका रूपमा समेत यो घटनालाई लिन सकिन्छ । कुनै व्यवस्था अथवा व्यक्ति मन नपर्न सक्छ । तर त्यस्तो व्यक्तिलाई दण्डित गर्नेदेखि व्यवस्था नै बदल्ने पनि स्वीकार्य विधि हामीसँग छ । त्यस्तो विधिले हरेक नागरिकलाई उसको लागि आवश्यक सुरक्षा पनि प्रदान गर्छ । तर सांघातिक आक्रमणमा उत्रनु अपराध हो । अपराधलाई अरू कुनैपनि रंग वा रूपले हेर्न मिल्दैन । यो घटनालाई लिएर सरकारको सुरक्षा व्यवस्थामाथि पनि पक्कै प्रश्न उठ्नेछ । किनकि प्रमुख दलका केन्द्रीय पदाधिकारीमाथि सार्वजनिक स्थलमा सार्वजनिक मन्तव्य दिएर फर्किरहँदा आक्रमण भएको छ ।

यादवमाथि सांघातिक आक्रमण हुनुसहितको घटनाक्रमलाई हेर्दा नेतृत्वले गम्भीर बन्नुपर्ने आवश्यकता देखिन्छ । मुख्य दलहरूको विकल्पमा आफूलाई प्रस्तुत गर्ने व्यक्ति वा संस्थाको नेतृत्वबाट लगातार गम्भीर आपत्तिजनक अभिव्यक्ति र निर्णय भइरहेका छन् । भर्खरै मात्रै काठमाडौं महानगरका मेयर बालेनले सिंहदरबारमा आगो लगाइदिने चेतावनीसहित सरकारसँग खनिए । त्यसअघि काठमाडौंका जनताको मनोविज्ञानमाथि खेल्नेगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बार भत्काउनुपर्ने अभिव्यक्ति मञ्चबाटै दिएका थिए । केही दिन अगाडि मात्रै पूर्वी नेपालमा धार्मिक–सामाजिक सद्भावमा खलखल ल्याउने प्रयत्न भएको थियो । तर यी सबै घटनाका पछाडि भने मुलुकको संविधान र व्यवस्थाप्रति मुख्य नेतृत्वबाटै इमान्दारिता नदेखिनु नै हो । सत्ताका लागि जेपनि गर्ने नीति मुख्य नेतृत्वले अपनाउँदा गैरदलीय र नयाँ शक्तिप्रति नागरिक रूझान बढ्दै गयो । र नागरिकका त्यस्तो रूझानको जगमा गैरजिम्मेवारी गतिविधिलाई प्रोत्साहन दिने काम भइरहेको छ ।

# समृद्धिको आधार : साक्षरता

अग्रलेख



● बाबुकाजी कार्की

साक्षरता मानव सक्षमतको प्रस्थान बिन्दु हो । साक्षरताले व्यक्तिको योग्यता दक्षतालाई विकास एवम् विस्तार तथा परिमार्जन र परिस्कृत गरी सक्षमता प्रदान गर्दछ । साक्षरताको स्तर र विकासको गति समानुपातिक हुन्छ । दक्ष क्षमतावान मानवीय साधनस्रोतले देश विकासमा मेरुदण्डीय भूमिका खेल्दछ । वर्षौंदेखि समाजमा जरा गाडेर बसेको निरक्षरतालाई लरतरो प्रयासबाट सजिलै निर्मूल पार्न सकिँदैन भन्ने पुष्टि विगतका प्रयासहरुबाट सफलता पाउन नसक्नुले गर्दछ । अहिले पनि आगामी दुई वर्षभित्र सबै निरक्षरलाई साक्षर बनाएर देशलाई साक्षर नेपाल बनाउने उद्देश्यका साथ विभिन्न सघन कार्यक्रम सञ्चालन गर्दै आएको छ । तथापी लामो समयदेखि नपढी बसेका पाको उमेरका निरक्षरलाई साक्षरता कक्षामा ल्याउन लरतरो प्रयासले कामयावी हुन सकिन्न । निरक्षरलाई करले नभई रहरले पढ्ने वातावरण बनाउने प्रयासले मात्र अभियानले सार्थकता पाउन सक्छ ।

युनेस्कोले अन्तर्राष्ट्रिय साक्षरता दिवसको नारा साक्षरता र बहुभाषिकता एवम् महिला सशक्तिकरणका लागि केन्द्रित गरेको छ । साक्षर नेपाल अभियानलाई सार्थक लक्ष्यमा पुऱ्याउन अहिले पनि निरक्षर कहाँ छन् ? यकिन गर्नु पहिलो प्राथमिकतामा पर्नु पर्दछ । तिनीहरुलाई पढ्न कक्षा केन्द्रमा कसरी ल्याउने ? उत्प्रेरणा गर्ने उपायहरुको पहिचान गरी कार्यान्वयन गर्नुपरेको छ । कक्षा केन्द्रमा आइसकेका निरक्षरहरुलाई कार्यक्रम अवधिभर कसरी टिकाइराख्ने ? रोचक व्यवस्थापनको लागि ध्यान दिन विलम्ब भइसकेको छ । पढ्ने पढाउने विषयवस्तु विधि र व्यवस्थापन सहभागीहरुको रुची क्षमता र आवश्यकताअनुसार छ कि छैन ? अध्ययन अनुस्थानबाट निष्कर्षमा पुग्नु बुद्धिमतापूर्ण काम हुन्छ । साक्षरताका विषयवस्तु सहभागीहरुको जीवन र जगतलाई सम्बोधन गर्ने र आफूले अपनाएको वा अपनाउने पेसागत दक्षतालाई उन्नत बनाउने खालको भएमा रोचक सहभागिता हुने यथार्तता हो । पढ्नको लागि सुगमता प्रदान गर्न पर्याप्त साधनस्रोत सर्वसुलभ व्यवस्थापनको खाँचो पर्दछ । साक्षरता कक्षाको व्यवस्थापन तथा पाठ्यपुस्तक, मसलन्द, तथा पारिश्रमिकका लागि पाँच वर्ष अगाडीकै दर हालसम्म पुनर्वालोकन नहनु बिडम्बना हो ।



साक्षरता अभियानलाई सफल पार्न धेरै चुनौतीहरुको सामना गर्न नपर्ला भन्न सकिन्न । निरक्षरहरूको साक्षरता कक्षामा अनियमितता र बीचैमा कक्षा छाड्ने जस्ता नकारात्मक प्रवृत्तिलाई कसरी सुधारेर उनीहरूको उत्साहजनक र जाँगरिलो सहभागिता जुटाउन सकिएला ? चिन्ता र चिन्तनको विषय बन्नुपर्दछ । साक्षरताले मानव विकासको सीमित सम्भावनाबाट असीमित सम्भावनको दैलो खोल्दछ । साक्षरताको विषयवस्तुलाई उनीहरूको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने ज्ञान सीपमा समय सापेक्षरूपमा परिमार्जन र परिष्कृत गर्दै पेसागत दक्षतामा अभिवृद्धि गरी निर्वाहमुखीबाट व्यवसायमुखी बनाउँदै लाने रणनीतिको अवलम्बन आजको आवश्यकता हो । साक्षरतालाई निरक्षरले अपनाइ आएको पेसामैत्री वातावरण सिर्जना गर्नु आवश्यक छ । जसले निरक्षरहरुको नाना, खाना र छाना सुनिश्चित गर्न टेवा पुगोस् । सहभागीको दैनिकीमा भोगेका समस्या र चुनौतीलाई सम्बोधन गर्ने विषयवस्तुले साक्षरता कार्यक्रमप्रति उनीहरूको चाहना र विश्वास जगाउन सक्छ । साक्षरता कक्षामा प्राप्त गर्ने जीवन उपयोगी ज्ञान र सीप कैंचीका दुई धार जस्तै हुन् र सँगसँगै जानुपर्दछ अन्यथा, एउटा धार बोधो (भुत्ते) भएमा अर्को जतिसुकै धारिलो भएपनि निरर्थक हुन्छ ।

> साक्षरताले मानव विकासको सीमित सम्भावनाबाट असीमित सम्भावनको दैलो खोल्दछ । साक्षरताको विषयवस्तुलाई उनीहरूको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने ज्ञान र सीपमा समय सापेक्षरूपमा परिमार्जन र परिष्कृत गर्दै पेसागत दक्षतामा अभिवृद्धि गरी निर्वाहमुखीबाट व्यवसायमुखी बनाउँदै लाने रणनीतिको अवलम्बन आजको आवश्यकता हो । साक्षरतालाई निरक्षरले अपनाइ आएको पेसामैत्री वातावरण सिर्जना गर्नु आवश्यक छ ।

देशभर छरिएर बसेका निरक्षरहरुलाई पढाउने कक्षा केन्द्रमा ल्याउनुभन्दा पहिले उनीहरुको पहिचान गरेर तथ्यांकीय विश्वसनियता कायम गर्नु प्राथमिकतामा पर्नुपर्दछ । विगत वर्षहरुमा पनि विभिन्न नीति र रणनीति अपनाएर तथ्यांक व्यवस्थापन अनौपचारिक शिक्षा केन्द्रले गर्दै आएको भएता पनि साक्षरता प्रतिशत कायमको वैधानिकता र आधिकारिताक बारे स्पष्टता हुन सकेको छैन । साक्षरता कार्यक्रमलाई सशक्त, व्यापक र प्रतिफलमुखी बनाउन निर्मम एवम् जवाफदेही अनुगमनको दायराभित्र सार्वजनिक सरकारी अवधारणाअनुसार विकेन्द्रितरूपमा सञ्चालनको विश्वासिलो वातावरण बनाइनु पर्दछ । निरक्षरहरू साक्षरता कक्षामा आउनुपर्छ भन्ने पुरातन सोचलाई तोड्दै अब साक्षरता कक्षा नै निरक्षरसम्म जानुपर्छ । सोही मान्यताको आधारमा निरक्षर महिला, दलित, पिछडिएको जातजाती र सिमान्त एवम् विपन्न वर्गको पहिचान गरी माग र आवश्यकताको आधारमा मात्र कक्षा वितरण गरिनु पर्दछ ।

साक्षरता कक्षा वितरण व्यवस्थालाई समावेशी सहभागितामुलक एवम् विकेन्द्रीत विधि र प्रक्रियाको अबलम्बन समयको माग हो । साक्षरता कक्षा सञ्चालनमा संलग्न हुने स्वयम् सेवक, स्थानीय निरीक्षक र व्यवस्थापकीय पदाधिकारी आदिको चयन निरक्षरता उच्च प्रतिशत भएको समूहका योग्यता पुगेका स्थानीय महिला, दलित, पिछडिएका जातजातीलाई नै अवसरको प्राथमिकता दिइने नीतिको कार्यान्वयन पारदर्शी र सशक्त पारिनु पर्दछ । मातृभाषामा आधारभूत शिक्षा हासिल गर्न पाउने संवैधानिक हकलाई प्रत्याभूति गर्दै जाने नीतिअनुरूप नेपालीलगायत तामाङ, मैथिली, भोजपुरी, गुरूङ, नेवारी, अवधि, डोटेल, भोजपुरी र थारु आदी भाषाको पाठ्यसामाग्री तयार गरी वितरण गरिए तापनि यसको प्रयोग र औचित्यतालाई सरोकार पक्षले आत्मसात गर्ने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।

अहिले देशभर साक्षर गाउँपालिका र नगरपालिका घोषणा गर्ने लहर नै चलेको छ । तर, कतै वास्तविकताभन्दा पनि तथ्यांकीयरूपमा मात्र साक्षरता प्रतिशत बढ्ने त होइन ? बेलैमा चनाखो नहुने हो भने भविष्यमा पछुताउन नपर्ला भन्न सकिन्न । तथापी वर्षौंदेखि जरा गाढेर बसेको निरक्षरतारूपी अभिशापलाई छिमल्न सबै संघ, सस्था र व्यक्तिको सामूहिक सद्भाव, सहयोग, सहकार्य, समन्वय, समर्पण, समीक्षा र स्वामित्व (सात 'स') अपरिहार्य हुन्छ । समग्रमा भन्नुपर्दा साक्षर नेपाल अभियानलगायत अनौपचारिक शिक्षा नीति र कार्यक्रमलाई सार्थक बनाउन निरक्षरलाई कक्षामा ल्याऔं, टिकाऔ, सिकाऔं र विकाऔंबाट निर्देशित हुनुपर्छ ।

अन्य राष्ट्र, चीन, क्यूवा, निकारागुवा, थाइल्यान्ड, अमेरिकालगायतका विश्वका कतिपय देशमा साक्षरता अभियान पटक-पटक संचालन गरिएको थियो । यमनले ४५ दिने साक्षरता अभियान संचालन गरेको थियो । जनसेना, प्रहरी, कर्मचारी, शिक्षक सञ्चारकर्मी साथै राजनीतिक दलको सार्थक जवाफदेहीपूर्ण प्रतिबद्धता र भातृ संगठनको सक्रिय परिचालनले मात्र ती देशहरुले अभियानमा उल्लेख्य लक्ष्य हासिल गर्न सकेका थिए । करले नभई रहरले पढ्ने वातावरण बनाउन निरक्षर प्रौढलाई चश्मा वितरण, बैक ऋण, निःशुल्क वा कम ब्याजदरमा उपलब्ध गराउने । साक्षर भएपछि यातायात, स्वास्थ्य, कृषि, उद्योग धन्दामा विशेष सहुलियत जस्ता उत्प्रेरणा जगाउने खालका कार्यक्रमहरु तत्काल उपलब्ध गराउने व्यवस्था भएमा निरक्षरहरु साक्षर बन्न उत्साहित हुनसक्छन् । निरक्षरभन्दा साक्षरको संख्या बढी भएकोले प्रत्येक साक्षरले कम्तिमा एक जना निरक्षरलाई साक्षर बनाउने वा विद्यालय शिक्षा र उच्च शिक्षाका विद्यार्थीलाई उच्च श्रेणी प्राप्त गर्नका लागि साक्षर बनाए वापत अतिरिक्त अंक प्रदान गर्ने व्यवस्था गर्नका साथै रोजगार उम्मेदवारीका लागि कम्तीमा एक जना निरक्षरलाई साक्षर बनाएको प्रमाणित भएकालाई वान्छनीय योग्यता बनाउन सकेमा पनि निरक्षरतालाई उन्मूलन गर्न धेरै समय कुर्नु पर्दैन ।

*इमेल : karki.babukaji@yahoo.com*

## सामाजिक सञ्जाल



**- नरेन्द्र विक्रम चन्द**

राहुल महरा पक्राउ गर्दा कृष्णबहादुर महरालाई किन पक्राउ गरिएन ? दीपेश पुनलाई सोधपुछ गर्दा नन्दबहादुर पुनलाई किन सोधपुछ गरिएन ? ईन्द्र राई दोषी हुँदा रामबहादुर थापा कसरी निर्दोष ? छोरो प्रतिका थापा कता हरायो ? बालकृष्ण खाण दोषी हुँदा मन्जु खाण कसरी निर्दोष ?



**- ओमकुमार थापा**

नेपाल हिन्दु राष्ट्र हुँदा अन्य धर्म मान्नेहरूमाथि कुनै प्रकारको भेदभाव थिएन । हिन्दु राष्ट्रअन्तर्गत सबै धर्मावलम्बीहरूले सुरक्षित महसुस गरेका थिए तर, पश्चिमाहरूको जुठोपुरो खाने दलालहरूले जबर्जस्ती धर्म निरपेक्षता घोषणा गरे । धर्मनिरपेक्ष भनेको हिन्दुहरूमाथि आक्रमण र धर्म परिवर्तन बनेको छ ।



**- कमल रिजाल**

अहिले समाजमा व्याप्त निराशा, आक्रोश र पलायनको मुल कारण मुट्ठीभरका नेता, कर्मचारी, व्यापारीहरु र स्वार्थ-प्रेरित राजनैतिक दलहरुको अलोकतान्त्रिक/निरंकुश व्यवहार, चरित्र र स्वरुप नै हो । मास हिस्टेरिया भन्दै पानी माथिको ओभानो बन्नुभन्दा सुध्रिनोस् ।



**- विश्वदीप**

राजतन्त्रकालमा राजा र राजपरिवारका सदस्यहरू चढेका गाडीबाट प्रहरी झस्किनुपर्थ्यो, अहिले गणतन्त्रमा जनप्रतिनिधिका परिवारका सदस्य सवार गाडी देखेर झस्किनुपर्ने भयो । शासनसत्ता जुनसुकै भए पनि ड्युटीमा रहेको प्रहरीको अवस्था उही रह्यो ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | आजको दिन धेरै शुभ छ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | स्वास्थ्य राम्रो रहनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ । |
| मिथुन | : | सामाजिक जीवन सुखी रहनेछ । अनावश्यक कार्यमा ध्यान लगाउन हुँदैन । |
| कर्कट | : | मनोरञ्जनमा वृद्धि हुनेछ । सन्तुलित भोजन गर्नु राम्रो हुन्छ । |
| सिंह | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादको योग छ । |
| कन्या | : | पैतृक सम्पत्ति प्राप्त हुनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ । |
| तुला | : | सामाजिक सहयोग बढ्नेछ । सम्मानमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ । मनोबल उच्च रहनेछ । |
| धनु | : | सबै कार्यमा सावधानी र धैर्य राख्नुपर्छ । सफलताको योग छ । |
| मकर | : | हतारमा कुनै निर्णय नलिनु होला । स्वास्थ्य सामान्य रहनेछ । |
| कुम्भ | : | नयाँ कार्य बन्ने योग छ । सम्बन्धहरुमा दुरी बढ्नेछ । |
| मीन | : | व्यापारिक कार्यमा लाभ मिल्नेछ । आहारमा भने ध्यान दिनुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपालमा आर्य

विचार



● विकेश श्रेष्ठ

> स्थानीय शासकीय अधिकार कायम गर्न आर्य मूलका बासिन्दा नै अगाडि देखिए । नवआगान्तुक आर्यहरु ५०-१०० वर्षकै अवधिमा यस हिमाली र पहाडी भूभागमा शासन अधिकार हातमा लिन सफल भए । त्यसको निरन्तरता अझैसम्म कायम छ ।

नेपालमा आर्यको आगमन दक्षिण पश्चिम भारत हुँदै भएको देखिन्छ । सर्वप्रथम ईशापूर्वको आसपासमा उत्तर भारतको बैशाली राज्यका लिच्छबी वंशका आर्यहरु नेपाल उपत्यका भित्रिए । पश्चिम उत्तर भारतको जम्बू कश्मिर, गढवाल हुँदै महाकाली तर्दै पूर्वतर्फ अघि बढ्दै बस्ती बसाउँदै रहे । पहाडी र समथल भूभागमा ठूला र साना सयौं नदी र खोला नालाका बेसि, टार, फाँटहरुमा बसाइ सर्दै अघि बढ्दै रहे । हजारौं वर्षदेखि रैथाने आदिबासी घुमन्ते कबिलायी गणका बासिन्दाहरुसँग मितेरी गाँस्दै हेलमेल घुलमिल गर्दै स्थानीयकरण हुँदै रहे ।

सामन्तवादी समाज तथा राज्य व्यवस्था र साँस्कृतिक सभ्यता भोगेका आर्य मुलका जनगण समुदायहरु रैथाने स्थानीय कबिलायी समाज र समुदायहरुमाथि हाबी हुँदै अनाज उत्पादनका समथल उब्जाउ भूमी हात पार्न र पशुपालन, बस्तिहरुको विकास र सामाजिक उन्नतिमा अग्रता हासिल गर्नका सफल भए । स्थानीय शासकीय अधिकार कायम गर्न आर्य मुलका बासिन्दा नै अगाडि देखिए । नवआगन्तुक आर्यहरु ५०-१०० वर्षकै अवधिमा यस हिमाली र पहाडी भूभागमा शासन अधिकार हातमा लिन सफल भए । त्यसको निरन्तरता अझैसम्म कायम छ ।

लिच्छबी वंशियहरु उत्तर भारतको प्रभावशाली सामन्ती राज्यको अभ्यास गर्दै रहेको बैशाली राज्यका विस्थापित आर्यहरुको समुदाय थिए । प्रारम्भमा लिच्छबी वंशका आर्यहरु गण समुदाय नै थिए । लिच्छबीहरु नेपाल उपत्यकामा स्थानीयकरण भएको झण्डै ४०-५० वर्ष नेवार सभ्यता संस्कृति भाषामा अन्तर्घुलित हुन समय लागेको भनाइ छ ।

लिच्छबी आर्य र मल्ल आर्य वंशले बाहिरबाट एकै पटक आक्रमण गरेर नेपाल उपत्यकाको शासन हात पारेका भने होइनन् । उनीहरुले स्वयम्लाई स्थानीयकरण र भोट बर्मेली मुलका समुदायसँग अन्तर्घुलित वा एक अर्कोमा रूपान्तरण गरेर नेवार गण समुदायकै सहयोगमा राजकीय सत्ता हात पारेका थिए ।

पश्चिम नेपालमा कपिलवस्तुको शाक्य मुनिहरुको राज्य र कर्णाली प्रदेशको खस साम्राज्यको किवन्दन्ती चर्चित इतिहास छ । शाक्य र खसका मुल आर्य नै हुन् । सामन्तवादी समाज र राज्यको विकास र बिस्तारसँगै वर्ग, जाती र साँस्कृतिक सामाजिक सम्प्रदायको विभाजनले आर्यहरुको जात र थरहरु वर्गीकरण भयो ।

मल्लकालिन शासन कालमा सामन्ती राज्य व्यवस्था र साँस्कृतिक सभ्यताको जग अझ मजबूत बन्यो । त्यसै समयदेखि आर्यहरु गण समाजबाट शासक वर्गमा रूपान्तरित भए । नेपालमा आर्यहरुको आगमन दक्षिण र पश्चिमबाट भएको पाइन्छ । पश्चिम तिरबाट नेपाल आगमन भएका आर्यहरु खस जातिहरुको रूपमा परिचित छन् । दक्षिण भारतबाट नेपाल आगमन भएका सर्वप्रथम मुख्यत: लिच्छबी वंशिय र त्यसपछि मल्ल आर्य मुलका गण समुदायहरु उपत्यकाका रैथाने आदिबासी भोट बर्मेली तथा मंगोल नेवारसँग अन्तर्घुलित भएका कारण उनीहरुको रक्त मिश्रणसहित नेवारी भाषा संस्कृति सभ्यतामा समायोजन भए ।

त्यसैगरी मल्लकालिन शासन व्यवस्थामा प्राय: आर्य मल्लहरु लिच्छबीहरु झैं नेवारी सभ्यता अर्थात् भाषा, संस्कृति अबलम्बन गरेको पाइन्छ । मल्ल आर्यहरु पश्चिम नेपालका ठकुरी खस मल्लको रूपमा कायम रहे भने उपत्यकाका आर्य मल्ल नेवारी सभ्यताका रूपमा रहेको पाइन्छ ।

आर्य मुलका शाह वंशका राजा पृथ्वीनारायण शाहले उपत्यकाका कान्तिपुर, भक्तपुर, ललितपुर र किर्तिपुरमाथि वर्षौं लगाएर आक्रमण गरेर शासन अधिकारमाथि अधिपत्य कायम गरे । उनले अधिराज्यको नाम गोरखा नराखी नेपाल नै राखे, राजधानी कान्तिपुर बनाए र नेवार साँस्कृतिक सभ्यता कायम राख्न कबुल गरे तर, नेवार भाषा लिपी सम्बत् परिवर्तन गरी आर्य खस संस्कृति सभ्यतालाई राज्यको मुख्य धारा बनाए । नेपाल उपत्यकाका नेवार आर्य सभ्यतामाथि खस आर्यहरुको अधिपत्य कायम गरेको इतिहासमा पहिलो घटना थियो । यसको निरन्तरता कायम रहिरह्यो ।

खस आर्यहरुको आगमन मुख्यत: पश्चिम नेपाल हुँदै पूर्वतर्फ विस्तार भएको पाइन्छ । पश्चिम नेपालमा अन्तर आदिबासी रैथाने जातीसँग अन्तर्घुलन र रक्त मिश्रण सामान्य अवस्था रह्यो । पश्चिम र मध्य नेपाल तराईका थारु जाती र डोटीदेखि राप्ती, धौलागिरी, पाल्पा र स्याङ्जासम्म पहाडका मुख्यत: मगर जातीबिच खस आर्यहरुको साँस्कृतिक अन्तर्घुलन र रक्त मिश्रण व्यापक भएको पाइएन । गण्डक क्षेत्रका गुरुङ समुदायसँग सामाजिक घुलमिल भए पनि खस आर्यको र गुरुङ समुदायबिच साँस्कृतिक एवम् रक्त मिश्रण भएको पाइएन । त्यसैगरी तामाङ, किरात जस्तै मुख्य भोट बर्मेली मंगोल मुलका समुदायहरुबिच खस आर्यहरुको संसर्ग र रक्त मिश्रण खासै धेरै भएनन् ।

उत्तर भारतको बैशाली र कुशी नगरतिरबाट नेपाल उपत्यका भित्रिएका लिच्छबी र मल्ल मुलका आर्यहरु उपत्यकाका रैथाने आदिबासी नेवार जनगणसँग सामाजिक र साँस्कृतिकरूपले अन्तर्घुलित भई आर्य नेवार जातिहरुमा रूपान्तरण भए । नेवारका ज्यापु (महर्जन थरका समाज) समुदाय जो प्राचीन नेवार सभ्यताको अंश तथा स्वरूपमा रहिरहेका छन्, तिनमा भने लिच्छबी आर्य वा मल्ल आर्यहरुसँग साँस्कृतिक अन्तर्घुलन रक्त मिश्रण आंशिक बाहेक खासै प्रभाव परेन ।

यसकारण नेवार समुदायमा मंगोल, आर्य, द्रबिड र प्राय सबै नस्ल र वर्णका समुदायहरु रहेका छन् । नेवार समुदायहरुको १५० भन्दा अधिक थरहरु, क्षेत्र र भेगीय नेवारी अलग-अलग भाषाहरु फरक-फरक साँस्कृतिक सामाजिक परम्परा र धर्म-संस्कृतिले विविधताको एकरूपताको सिंगो राष्ट्रको पहिचान रहेको छ । हिन्दू आर्यहरु र नेवार साँस्कृतिक सभ्यताको अन्तर्घुलन र रक्तमिश्रणबाट नेवार-आर्य सभ्यता बन्यो ।

यसकारण नेवार अब जनजाती वा आर्य पहिचानको बहसको औचित्य रहेन । नेवार नै नेपाल उपत्यकाको प्राचीन आदिबासी हुन् । ज्यापु समाज अर्थात् जनगण समुदायले नेवारको मुल र कुलको प्रतिनिधित्व गर्दछन् । अन्य थरका प्राय: नेवार जनगण खास गरेर लिच्छबी र मल्लकालिन शासन र समाजको समयमा आर्य-नेवार प्रजातिमा विकसित भएको तथ्य प्रमाणित छ ।

# 'नयाँ शीतयुद्ध' टार्न चीनको आग्रह



**काठमाडौं / एजेन्सी–** इन्डोनेसियामा एशियाली र अमेरिकी उच्च अधिकारीहरू वार्ताका लागि भेला भएका बेला चीनका प्रधानमन्त्रीले बुधबार प्रमुख शक्तिहरूले आफ्ना मतभेदहरूलाई नियन्त्रणमा राख्नुपर्ने र 'नयाँ शीतयुद्ध' टार्नुपर्ने बताएका छन् । दक्षिण चीन सागर र अन्य विषयमा यस क्षेत्रका अन्य शक्तिराष्ट्रहरूसँग विवादको सामना गरिरहेको बेला बेइजिङले अमेरिका समर्थित समूहहरू आफ्नो घरदैलोमा गठन भएकोमा चिन्ता व्यक्त गरेको छ ।

जापान र दक्षिण कोरियासँग जकार्तामा भएको आसियान प्लस थ्री बैठकको प्रारम्भमा ली खछ्याङले भने, 'गलत धारणा, फरक स्वार्थ वा बाह्य हस्तक्षेपका कारण देशहरूबीच असहमति र विवाद उत्पन्न हुन सक्छ । मतभेदलाई नियन्त्रणमा राख्न, अब पक्ष चयनको विरोध गर्नु, गुटको टकरावको विरोध गर्नु र नयाँ शीतयुद्धको विरोध गर्नु आवश्यक छ ।'

दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको १० सदस्यीय संगठन (आसियान) ले बुधबार चीन, जापान, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र क्यानडासँग छुट्टाछुट्टै शिखर सम्मेलन गर्दैछ, जसले ठूला शक्तिहरूलाई समूह र उनीहरूका प्रतिद्वन्द्वीहरूलाई लबिङ गर्न एक अखाडा प्रदान गर्दछ ।

भेलामा अमेरिकाको प्रतिनिधित्व अमेरिकी राष्ट्रपति जो बाइडेनको स्थानमा उपराष्ट्रपति कमला ह्यारिसले गरेका छन् भने राष्ट्रपति सी जिनपिङको स्थानमा ली सहभागी भएका छन् ।

चिनियाँ रक्षामन्त्री ली शाङफुले गत जुनमा सिंगापुरमा भएको सांग्रिला वार्तामा 'साना गुट'को साटो 'समावेशी सहयोग' को आह्वान गर्दै एसिया-प्रशान्त क्षेत्रमा नेटोजस्तो गठबन्धन स्थापना नगर्न चेतावनी दिएका छन् । यही लाइनमा चिनियाँ प्रधानमन्त्रीको यो टिप्पणी आएको हो ।

वासिङ्टन अस्ट्रेलिया र बेलायतसँग एयूकेयूएस को रक्षा साझेदारी र क्वाड, एक रणनीतिक गठबन्धन हो जसमा अष्ट्रेलिया, भारत र जापान समावेश छन् । रूसी विदेशमन्त्री सेर्गेइ लाभरोभले बिहीबार १८ सदस्यीय पूर्वी एसिया शिखर सम्मेलन र नयाँ दिल्लीमा हुने जी-२० शिखर सम्मेलनअघि बुधबारका बैठकहरू भएका हुन् ।

ह्यारिसले आसियानका नेताहरूलाई भेटेर 'अन्तर्राष्ट्रिय नियम र मान्यताहरूप्रतिको साझा प्रतिबद्धता र मुद्दाहरू' का लागि उनीहरूको प्रशंसा गरेकी छन् । वासिङ्टनको बढ्दो क्षेत्रीय संलग्नताको संकेतस्वरूप उनले वासिङ्टनमा पहिलो अमेरिका-आसियान केन्द्र को निर्माण गर्ने घोषणा गरिन् ।

## कतारमा रोजगार | कम्पनी: BLUE CASTLE GENERAL CLEANING AND HOSPITALITY
शहर: Doha

पुर्व स्वीकृत मिति: २०८०/०४/३० चलानी नं.:६०२०६२३० LT. No.: 290890 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 0 | 1 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २८ गते (14 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1048/073/74

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

## मलेसियामा रोजगारको अवसर | कम्पनी: AGRO 19 BERHARD
शहर: Kuala Lumpur

पूर्व स्वीकृत मिति: २०७९/०३/२९ चलानी नं.: ६०१८३१८५ LT. No. 267309 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २८ गते (14 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## साईप्रसमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मिति:२०८०/०३/०८ चलानी नं.:६०२०३५३१ LT. No.: 288077 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 8 | सम्बन्धित काममा दक्ष | 650 | ९२,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 8 | | 700 | ९९,६३१ | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 850 | १२०,९८१ | | | | | | | |
| 4. | Spa Therapist | 0 | 1 | | 800 | ११३,८६४ | | | | | | | |

२. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८६९ LT. No.: 287269 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 6 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १२०,९८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 4 | 0 | | 1000 | १४२,३३० | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 850 | १२०,९८१ | | | | | | | |
| 4. | Receptionist | 0 | 7 | | 700 | ९९,६३१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २८ गते (14 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1616/079/080

**GLOBAL RISING PLACEMENT PVT. LTD.**
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636| 9801316653

## UAE मा रोजगार
कम्पनी : SAWAEED EMPLOYMENT LLC
शहर : ABU DHABI

पूर्व स्वीकृत मिति: २०८०/०५/१९ चलानी नं.: ६०२०७३०१ LT. No.: 292135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/Labour | 30 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 30 | 0 | | 1100 | ३९,६९९ | | | | | | | |
| 3. | Shuttering Carpenters | 30 | 0 | | 1100 | ३९,६९९ | | | | | | | |
| 4. | Steel Fixer | 30 | 0 | | 1100 | ३९,६९९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २८ गते (14 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६८८/०६३/०६४

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
प्रधान कार्यालय फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
शाखा कार्यालय श्रृजनाचोक -०८ कास्की पोखरा फोन:- ०६१५८३०९२ / ९८०१२८०८२२
मोबाईल नं.:-९८०१२८०८०१ / ९८०१२८०८०२ / ९८०१२८०८०४ / ९८०१२८०८१५ / ९८०१२८०८२३ / ९८०१२८०८२५

## कतारमा रोजगार | कम्पनी: WE SUPPORT TRADING & CONT
शहर: DOHA

पूर्व स्वीकृत मिति:२०८०/०५/२० चलानी नं.:६०२०७३०६ LT. No.:292077

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३६३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 2 | 0 | | 1000 | ३६३६० | | | | | | | |
| 3. | Receptionist | 0 | 2 | | 1800 | ६५४४८ | | | | | | | |
| 4. | Secretary | 0 | 3 | | 2200 | ७९९९२ | | | | | | | |
| 5. | Labour | 2 | 0 | | 1000 | ३६३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २८ गते (14 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1519/074/075

**Paragon H.R. Management Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

# Bedkot Municipality
## Office of Municipal Executive
### Sisaiya, Kanchanpur
### Sudurpakshim Province, Nepal

## Invitation For Bids

**Date of Publication: 2080/05/21 (07-Sept-2023)**

1. Bedkot Municipality, Office of the Municipal Executive invites electronic bids for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | 02/BMUN/ GOODS/2080/081 | Supply and delivery of office stationary related Materials in Bedkot Municipality | 90 days | 23,50,000\|- | 70,000\|- | 3000\|- |

| | |
|---|---|
| **Bid Submission Last date and time of** | 2080/06/21 (08- oct- 2023) (upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | 2080/06/21 (08- oct-2023 ); at 2:00 PM, At Bedkot Municipality Office, Kanchanpur |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account Name and Account No. for Bid Document Purchase** | Account Name: Bedkot Municipality Office<br>Account No. : GA1.1-ANTARIK RAJASHWA KHATA -BEDKOT NAGARPALIKA-1852050028240002,<br>Bank : NIC Asia, Bedkot Branch |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR may deposit the said amount on<br>Account Name : Bedkot Municipality Office<br>Name of the Bank : NIC Asia Bank, Bedkot Branch<br>Account No. : I5CA052423252403 (Dharauti Khata) |

2. Bidder should provide the sample of each item specified in SOR to Bedkot Municipality Office within 3 days of bid Submission.
3. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Bedkot Municipality Office, Kanchanpur Contact No: 099-413122.
4. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेनी, म्याग्दीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/२१ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेनी, म्याग्दीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बेनी, म्याग्दीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**१. ऋणीको विवरण**
मने दमाईको बुहारी, सम बहादुर दमैको पत्नी, म्याग्दी जिल्ला, कुहुँ गा.वि.स., वडा नं.०८ स्थायी ठेगाना भई हाल पर्वत जिल्ला, जलजला गा.पा., वडा नं ०४ बस्ने **विष्णु दमै** (ना.प्र.प.नं. ४९३०२७/१६२ जारी मिति २०६३/११/१४ जिल्ला प्रशासन कार्यालय म्याग्दी)।

**लिलाम हुने सम्पत्तिको विवरण**
१. **विष्णु दमै**को नाममा मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, मल्लाज माझफाँट गा.वि.स.,वडा नं. ०२ स्थित कित्ता नं. २६८४, क्षेत्रफल ०-२-१-० (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरण**
खडानन्द आचार्यको नाती, डण्डपाणी आचार्यको छोरा, म्याग्दी जिल्ला, बंरजा गा.वि.स., वडा नं ०३ स्थायी ठेगाना भई हाल म्याग्दी जिल्ला, मंगला गा.पा, वडा नं. ३ बस्ने **चेतनाथ आचार्य** (ना.प्र.प.नं. ४९१०२६/१७७० जारी मिति २०६४/०२/२० जिल्ला प्रशासन कार्यालय म्याग्दी)।

**व्यक्तिगत जमानीकर्ताको विवरण :**
१. मनिहर्क जैसीको नाती, बृहस्पति जैसीको छोरा, म्याग्दी जिल्ला, घतान गा.वि.स., वडा नं ०३ स्थायी ठेगाना भई हाल म्याग्दी जिल्ला, बेनी न.पा., वडा नं. ८ बस्ने **चुडामणी जैसी** (ना.प्र.नं. ४९१०१४/५८८५ जारी मिति २०६५/०१/१०, जिल्ला प्रशासन कार्यालय, म्याग्दी)।

**लिलाम हुने सम्पत्तिको विवरण**
१. **चेतनाथ आचार्य**को नाममा मालपोत कार्यालय म्याग्दीमा दर्ता कायम रहेको म्याग्दी जिल्ला, बरंजा गा.वि.स., वडा नं. ०२ स्थित कित्ता नं. ४८ र १२७ को क्षेत्रफल क्रमश ४-११-३-१ र ८-१४-२-२(रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**३. ऋणीको विवरण**
टेक बहादुरको नाती, चन्द्र प्रसाद शेरचनको छोरा, म्याग्दी जिल्ला, पात्लेखेत गा.वि.स., वडा नं ०४ स्थायी ठेगाना भई हाल म्याग्दी जिल्ला, बेनी न.पा., वडा नं. १० बस्ने **धन प्रसाद शेरचन** (ना.प्र.प.नं. १४९७८ जारी मिति २०६३/०८/०४ जिल्ला प्रशासन कार्यालय म्याग्दी)।

**व्यक्तिगत जमानीकर्ताको विवरण :**
१. चन्द्र प्रसाद शेरचनको बुहारी, धन प्रसाद शेरचनको पत्नी, म्याग्दी जिल्ला, पात्लेखेत गा.वि.स., वडा नं ०४ स्थायी ठेगाना भई हाल म्याग्दी जिल्ला, बेनी न.पा, वडा नं. १० बस्ने **लिला शेरचन** (ना.प्र.नं. ४९३०१५/१४ जारी मिति २०६३/११/०७, जिल्ला प्रशासन कार्यालय, म्याग्दी)।

**लिलाम हुने सम्पत्तिको विवरण**
१. **धन प्रसाद शेरचन**को नाममा मालपोत कार्यालय म्याग्दीमा दर्ता कायम रहेको म्याग्दी जिल्ला, घतान गा.वि.स., वडा नं. ०२/क स्थित कित्ता नं. ४३ र २७४ को क्षेत्रफल क्रमश २-१-०-३ र ०-३-१-० (रो.आ.पै.दा) को घर/जग्गा तथा ऐ.ऐ वडा नं. ३/क स्थित कित्ता नं. ७६९ को क्षेत्रफल २-०-२-० (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**
